# आ.व.२०८२।०८३ को लागि नगर प्रमुख श्री सुखदेव यादव ज्यूबाट प्रस्तुत हुने प्रस्तावित नीति तथा कार्यक्रमहरू

## अनुसूची-१

### क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभाको १३ औं अधिवेशनको समुद्घाटन समारोहमा नगर प्रमुख श्री सुखदेव यादवद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

**नगर सभा सदस्य तथा उपस्थित महानुभवहरू !**

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभाको यस गरिमामय बैठकमा पेश गर्न चाहन्छु :

**राजस्व प्रशासन :**

१. करको दरको भार नगरबासीले महसुस नहुने गरी करको दर तोकी करदाताहरूको संख्यामा वृद्धि गरी कर तीर्न प्रोत्साहन गरिनेछ । साथै नगरबासीहरूको हितको लागि गत आ.व. २०८१।०८२ मा **चार किल्ला सिफारिस, घरबाटो सिफारिस, नागरिकताको सिफारिस, जन्मदर्ता, बिबाह दर्ता, मृत्यु दर्ता, बसाई सराई** दस्तुर निःशुल्क गरिएकोमा चालु आ.व.२०८२।०८३ मा समेत निरन्तरता दिईनेछ ।

२. यस नगरपालिकामा दर्ता नभई संचालन भएका व्यवसायीहरूलाई दर्ता प्रकृयामा आउन व्यवसाय कर सम्बन्धि कार्यविधि अनुसार दर्ता प्रकृयामा अनिवार्य रूपमा लगिनेछ ।

३. कर प्रणालिलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यापारी, उद्योग वाणिज्य संघ लगायत अन्य संघसस्थासँग सहकार्य र समन्वय गर्दै अगाडि बढ्ने नीति लिईनेछ ।

४. यस नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा जमिन, हाटबजार, पोखरी तथा अन्य भौतीक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजस्व अभिवृद्धि गर्ने नीति लिएको छ ।

५. यस नगरपालिकाको आन्तरिक आय न्युन रहेकोले आन्तरिक आय संकलन हुने थप नयाँ क्षेत्रहरूको पहिचान गरी राजश्व वृद्धि गर्ने नीति लिइनेछ ।

**आर्थिक विकास :**

६. धानको बिउ, गहुँको बिउ, तरकारी तथा फलफूलका बिरूवाहरू तोकिएको सरकारी दरमा वितरण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

७. पशुखोप कार्यक्रम, पशुगोठ व्यवस्थापन, पशु आहारजस्ता कार्यक्रम संचालन गरिनेछ ।

८. नगर क्षेत्रभित्र इनार, स्यालो ट्युवेल, डिट ट्युवेल, मोटर, दमकल जस्ता सिँचाईका उपकरणहरू लागत सहभागिताको आधारमा वितरण गरी सिँचाइ प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

९. कृषकहरूलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि कार्यको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१०. कृषक समूह गठन गरी सार्वजनिक जग्गा तथा नदि किनारमा भएका बगर क्षेत्र भित्र आयमूलक बृक्षारोपण तथा फलफूलका बिरूवा रोपी आम्दानी गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।

११. नगरमा औद्योगिक मैत्री वातावरण श्रृजना गरी रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरूका लागि लगानी मैत्री वातावरण सृजना गर्ने नीति लिईने छ ।

१२. नगरका युवाहरूलाई प्राविधिक सीपयुक्त तालिम दिई रोजगारीका लागि क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

१३. परम्परागतबाट आधुनिक, निर्वाहमुखीबाट व्यावसायिक कृषि प्रणाली स्थापनाका लागि कृषिको उत्पादन, व्यावस्थापन एवम् बजारीकरण गरीने छ ।

१४. युवाहरूलाई स्वरोजगार सृजना गर्न समृद्धि आयोजना सँग लागत साझेदारीमा कार्यक्रमहरू संचालन गरिनेछ ।



CamScanner

१५. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित तथा उपलब्धिमूलक बनाउनको लागि सूचना तथा परामर्श, सिप र न्यायमा पहुँचको लागि रेमी परियोजनाका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा संचालन गरिनेछ ।

१६. यस नगरक्षेत्र भित्र संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई थप विकास र विस्तार गरी विशेष प्रोत्साहन गरिनेछ ।

**भौतिक पूर्वाधार विकास :**

१७. नगर क्षेत्र भित्रका अधुरा सडकहरूलाई विशेष प्राथमिकताका साथ निर्माण सम्पन्न गरी नगर क्षेत्रभित्रका सडकहरूलाई हिलो धुलोबाट मुक्त गरिनेछ ।

१८. यस नगरपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरूमा स्थानीय जनताको अपनत्व बोध गराई दिगो विकासका लागि तोकिए अनुसार लागत सहभागितामा कार्य सम्पन्न गर्नु पर्ने नीति लिइनेछ ।

१९. क्षीरेश्वरनाथ मन्दिर र दुधमती पोखरी क्षेत्रमा आबश्यक पुर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेछ ।

२०. मधेश प्रदेशको राजधानी जनकपुरधामको प्रवेश द्वारको रूपमा रहेको यस नगरपालिकाको सडकलाई हरित सडकको रूपमा विकास गरिनेछ ।

२१. नगर क्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्मैत्री र वातावरण मैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

२२. भौतिक पुर्वाधार तथा संरचनाहरूको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिती र अनुगमन समितीलाई थप प्रभाबकारी बनाइनेछ साथै उक्त संरचनाहरूको गुणस्तर कायम गर्न ल्याब टेस्ट अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

२३. ऐतीहासिक क्षीरेश्वरनाथ मन्दिर, धार्मिक ऐतीहासिक, पुरातात्विक महत्वका स्थानहरूको संरक्षण र विकासमा जोड दिइनेछ ।

२४. नगरलाई वातावरण मैत्री हरितनगरको रूपमा विकास गर्न बृक्षारोपण तथा वनबुट्यानको संरक्षण गरी हरितगृह प्रभावलाई न्यूनिकरण गर्ने निती लिइनेछ ।

२५. नगरपालिकाको नाममा रहेका वातावरण व्यवस्थापन कोष, मर्मत सम्भारकोष, दैवि प्रकोप विपद् व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरी लक्षित वर्गको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ ।

२६. विपद्को अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकाय र सुरक्षाकर्मीहरूसंग समन्वय गरी स्वयं सेवक र उद्धार राहत सामग्रीहरूको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

२७. बाढीले गर्दा डुबान भएका ठाउँहरूको सम्भावित सूची तयार गरी त्यसलाई व्यवस्थित किसिमले समाधानको व्यवस्था मिलाइने छ ।



CamScanner

२८. नगरका १० वटै वडा कार्यालयहरूमा फोहरमैला व्यवस्थापन सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ साथै सबै वडाहरूमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समितीलाई सक्रिय तुल्याईनेछ ।

२९. सार्वजनिक सडक, नाला र खुल्ला स्थानहरूमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरी जरिवान गरिनेछ ।

३०. नगरमा ठुला आयोजनाहरू संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्याकंन (IEE, EIA) को अध्ययन गरिनेछ ।

३१. सरूवा रोग, डेङ्गु, मलेरिया, कंलाजार, जाप्नीज इन्सेफलाइटिस जस्ता रोगहरूबाट बच्नको लागि किट्नासक औषधी छर्कने र जनचेतनामूलक कार्यक्रमहरूं प्रचार प्रसारका रूपमा सञ्चालन गरिनेछ ।

३२. नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान गरी स्थानान्नतरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

३३. विपद् पूर्व तयारी तथा प्रतीकार्य क्षमता विकास सम्बन्धि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३४. सुरक्षाकर्मीको समन्वयमा बारूणयन्त्रको परिचालन र व्यवस्थापन प्रभावकारी बनाईनेछ । बारूणयन्त्र तथा एम्बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

३५. यस नगरपालिकालाई खुल्ला दिशा मुक्त नगरपालिका घोषना गरि सकिएकोमा सो को प्रभावकारी कार्यन्वयनमा समस्या देखिएकोले मानिसहरूको चाप बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने कार्य अघि बढाईने छ ।

## सार्वजनिक सेवा तथा सुशासन प्रवर्द्धन

३६. सुशासन, पारदर्शिता र जवाफ़देहिता अभिवृद्धि गर्न सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

३७. सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless adminstration, इ-प्रशासन भएको कार्यालयको रूपमा विकास गर्दै लगिनेछ ।

३८. नगरपालिकाबाट जनप्रतीनिधी तथा कर्मचारीलाई गरीने पत्राचार SMS, email, whats app जस्ता साधनहरूको प्रयोगबाट गरिनेछ ।

३९. नगरपालिका तथा मातहतका कार्यालयहरूमा प्राप्त हुने जनगुनासोलाई सुनुवाई गर्न तथा सोको व्यवस्थापनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ । साथै मातहतका सरकारी कार्यालयहरूमा सूचनापाटीको व्यवस्था अनिवार्य गरिने छ ।

४०. क्षतीपुर्ती सहितको नागरीक वडापत्रको प्रभावकारीता वृद्धि गर्न श्रव्य दृश्य (Audio Visual Charter) प्रविधिमा आधारित नागरीक वडापत्र तयार गरिनेछ ।

४१. जनप्रतीनिधि तथा कर्मचारीहरूको आचार संहिता तर्जुमा गरी कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

४२. कर्मचारीहरूलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनुका साथै अतिरिक्त समय कार्यगर्ने कर्मचारीहरूलाई प्रोत्साहन गरिनेछ ।

४३. केन्द्र तथा प्रदेश सरकारद्वारा निर्धारण गरिएको नमूना दरबन्दीलाई आधार मानी यस नगरपालिकाको कार्यबोझ तथा कार्यरत कर्मचारीको आधारमा दरबन्दी स्वीकृत गरि प्रदेश लोक सेवा आयोगबाट माग गरिनेछ ।

४४. क्षीरेश्वरनाथ नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ । साथै सम्पूर्ण कर्मचारीहरूको उत्प्रेरणा तथा मनोबल उच्च पार्नको लागि स्थानीय कर्मचारी प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

४५. नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि अनलाइन दर्ता, चलानी अनलाइन प्रणालीबाट गराउने कार्यलाई निरन्तरता दिइने छ साथै नागरिकता सिफारिस अनलाइन प्रणाली मार्फत संचालन गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी :

### शिक्षा :

४६. बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरू (विद्यालय सहायक र विद्यालय सहयोगी) को तलब भत्तामा नगरपालिकाले उपलब्ध गराउदै आएको थप पारिश्रमिक अनुदानलाई निरन्तरता दिइनेछ ।

४७. आधारभुत तहको अन्तमा लिइने परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४८. बालविकास/पूर्वप्राथमिक शिक्षालाई विद्यालय शिक्षाको तयारीको रूपमा विकास गर्न शिक्षक तयारी, कक्षाकोठा व्यवस्थापन लगायतका विषयमा बालविकास शिक्षक अभिमूखिकरण एवम् क्षमता विकास कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

४९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानिय तहले निर्माण गरी कार्यान्वयन गर्नु पर्ने स्थानीय पाठ्यक्रम निर्माण कार्य चालु आर्थिक वर्ष भित्र पुरा गरिनेछ ।

५०. सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरीने कार्यलाई निरन्तरता दिईनेछ ।

५१. संघ तथा प्रदेश स्थीत शैक्षिक निकायहरूको समन्वयमा विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षण सहयोग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

५२. शिक्षकहरूको पेशागत र दक्षता विकासको लागि अन्तर विद्यालय अनुगमन, अभिमुखिकरण, शैक्षिक भ्रमण तथा विद्यालयमा आधारित अभिभावक शिक्षा तालिम, प्र.अ. क्षमता विकास तथा शिक्षक तालिमको व्यवस्थापन गरिनेछ ।

५३. आवश्यकता र मागमा आधारित भौतिक पूर्वाधार (कक्षा कोठा, शौचालय, विद्यालय घेराबेरा, खानेपानी, फर्निचर आदि) निर्माण तथा मर्मतका लागि सार्वजनिक विद्यालयहरूलाई आवश्यक सहयोग गरिनेछ ।

५४. नगर स्तरिय वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी नगरको शैक्षिक गतिबिधिमा एकरूपता कायम गरिनेछ ।

५५. तीन वर्ष उमेर पुरा भएका सबै बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई **विद्यालय भर्ना गराउने, टिकाउने र सिकाउने** कार्यक्रम संचालन गरिनेछ ।

५६. क्षीरेश्वरनाथ नगरपालिकालाई साक्षर नगरपालिका बनाउन आवश्यक कार्यक्रमहरू संचालनलाई निरन्तरता दिइनेछ ।

५७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली अनुसार संस्थागत विद्यालयले प्रदान गर्नु पर्ने छात्रवृत्ति कार्यक्रमलाई अनिवार्य रूपमा लागु गरिनेछ ।

## युवा तथा खेलकुद :

५८. नगर युवा नीति अनुसार नगर स्तरीय युवा संजाल गठन गरी नगरको विकास तथा सुशासन प्रवर्द्धनमा युवाको भूमिका विस्तारका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५९. **युवासँग मेयर उद्यमशिलता कार्यक्रम** संलाचन गरी युवाहरूलाई स्वरोजगार र व्यवसायी बनाउन आवश्यक सीपमूलक तालिम संचालन गरी आत्मनिर्भर बनाइनेछ ।

६०. कुलत तथा लागु औषध दुर्व्यसनी नियन्त्रण सम्बन्धि युवा सचेतनामूलक परामर्श तथा क्षमता विकास कार्यक्रमहरू संचालन गरिनेछ ।

६१. युवा वर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास गर्न मेयर तथा उपमेयर कप खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

६२. शिक्षा, स्वास्थ्य, खेलकुद, कृषी तथा समाजसेवा लगायतका क्षेत्रमा युवा स्वयंसेवक परिचालनलाई निरन्तरता दिइनेछ ।

६३. विद्यालय तहदेखी खेल प्रतिभाको प्रस्फुटनका लागि नगर स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ ।

६४. सामुदायिक विद्यालयहरूलाई खेल सामाग्री वितरण गरि विद्यालय तहदेखी नै बालबालिकाहरूलाई खेलकुद क्षेत्रमा लाग्न प्रेरित गरिनेछ ।

६५. नगरपालिकाको खेलकुद गतिविधि र कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

६६. यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक विधालयहरु मध्ये १ विधालय छनौट गरि अग्रेजी माध्यम मार्फत पठन पाठन गराईने छ ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक :

६७. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

६८. एकल तथा दलित महिलाहरूका हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

६९. सामाजिक कुरितीको रूपमा रहेको बालबिवाह, बहुबिवाह, अन्धविश्वास एवं सामाजिक कुरितीहरू हटाउन सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा आवश्यक कार्यक्रमहरू संचालन गरिने छ ।

७०. क्षीरेश्वरनाथ नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि आवश्यक कानुनी व्यवस्था गरी सोही अनुसारका कार्यक्रमहरू संचालन गरिनेछ ।

७१. मृगौला, मुटु, कलेजो, अर्बुद, स्पाईनल इन्जुरी, मेनेन्जाईटिस, पक्षघात (घातक) रोग लागेको बिरामीहरूलाई दिईदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

७२. नगरपालिकाबाट प्रदान गरीने सेवाहरूमा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई प्राथमिकता दिइनेछ ।



CamScanner

७३. महिलाहरूको स्वास्थ्य अवस्थालाई मध्य नजर गर्दै बाल मृत्युदर तथा मातृ मृत्युदर कम गर्न महिलाहरूको पाठेघर स्कृनिङ कार्यक्रमहरू संचालन गरिने छ ।

## सामाजिक सुरक्षा :

७४. गर्भवती महिलाहरूको सुरक्षाको लागि प्रदान गरिने पोषण भत्ता तथा मोतियाबिन्दुको अपरेसन भएका नागरिकहरूलाई प्रदान गरिदै आएको सुरक्षा भत्ता तथा अन्तिम संस्कार खर्चबापत दिइने रकमलाई चालु आ.व.मा निरन्तरता दिइनेछ ।

७५. समाजका अग्रज तथा सम्मानित ज्येष्ठ नागरिकहरूको भूमिका र योगदानलाई कदर गर्दै नगर भरिका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

७६. मातृ मृत्यू दर घटाउने उद्देश्यले यस नगरमा आमा सुरक्षा कार्यक्रम लागु गरिनेछ ।

## स्वास्थ्य सेवा :

७७. यस नगरपालिका स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको प्रयोगशालामा एक्सरे मेशिन लगायतका समाग्रीहरु र यस नगरपालिका स्थित सर्पदशं उपचार अस्पतालमा भेन्टिलेटर मेशिन उपलब्ध गराई थप व्यवस्थित गरी गुणस्तरिय सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

७८. क्षीरेश्वरनाथ नगरपालिकालाई स्वास्थ्य सेवा केन्द्रको रूपमा विकास गर्न यस नगरमा रहेका सबै स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकास र गुणस्तरीय सेवा प्रवाहमा जोड दिईनेछ साथै निःशुल्क आधारभुत स्वस्थ्य सेवा सबै नागरिकको पहुचमा पुऱ्याइनेछ ।

७९. स्वयमसेविका कोषमा आवश्यक अनुदान थप गरी स्वयंसेविकाहरूलाई मासिक रूपमा प्रदान गरिदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।

८०. निजी स्वास्थ्य संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रूपमा संचालित निजी स्वास्थ्य संस्थाहरू बन्द गराइनेछ ।

८१. आम उपभोक्ताको हितलाई ध्यान दिँदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान संचालन गरिनेछ ।

८२. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई गलत कार्यलाई दण्डित गर्ने नीति लिईनेछ ।

८३. जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरू संचालन गरिनेछ । ७० वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरूको निःशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८४. संघीय सरकारको सहयोगमा नगर क्षेत्र भित्र १५ शैयाको अस्पताल निर्माणको लागि यथासिघ्र ठेक्का बन्दोबस्त कार्य अगाडि बढाइनेछ ।

प्रस्तुत् नीति तर्जुमा गर्न सहयोग गर्ने नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी लगायतका पदाधिकारी ज्यूहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

२०८२ मंसिर २१ गते

सुखदेव यादव
नगर प्रमुख
क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर
धनुषा, मधेस प्रदेश



CamScanner